# नेपाली उपन्यासमा मानसिक विक्षिप्तता

**डा. जीवन श्रेष्ठ**
उपप्राध्यापक, पाटन संयुक्त क्याम्पस, ललितपुर
jistha@gmail.com

## सार

*नेपाली उपन्यासका विक्षिप्त पात्रहरूको मानसिक अवस्था र तिनको सामाजिक-आर्थिक अवस्थाबिचको अन्तःसम्बन्धको अध्ययन यस शोधकार्यमा गरिएको छ । व्यक्तिको आर्थिक, सामाजिक एवम् लैङ्गिक विभेदले पात्रको मानसिक सन्तुलनमा प्रभाव पार्दछ । यसै सन्दर्भमा नेपाली उपन्यासका पात्रहरूको सामाजिक वर्ग र तिनको मानसिक समस्याबिच केकस्तो अन्तःसम्बन्ध रहेको छ भन्ने मूल समस्यामा केन्द्रित भएर यो अध्ययन गरिएको छ । यसको समाधानका लागि गरिबीका विरुद्ध प्रेम, आशङ्का र पश्चात्तापले व्यक्तिको मानसिकतामा पारेको असर, सम्पन्नताविरुद्ध दमन, असमानता र विभेदले व्यक्तिको मानसिक सन्तुलनमा पारेको प्रभाव र बौद्धिकताका विरुद्ध विकृत राजनीतिक परिवेशले आममानिसको मानसिक स्वास्थ्यमा पारेको असर उपशीर्षकहरूमा नेपाली उपन्यासका पात्रहरूको अध्ययन गरिएको छ । यसका लागि सिग्मन्ड फ्रायडको मनोविश्लेषण सिद्धान्तका आधारमा विक्षिप्त पात्रहरूको खोजी गरी तिनको सामाजिक, आर्थिक अवस्थाको विश्लेषण गरिएको छ । यसरी गरिएको अध्ययनबाट गरिबी, अभाव र विपन्नताकै कारणले मात्र मान्छेको मानसिक सन्तुलन नबिग्रने, यसमा आशङ्का र पश्चात्तापजन्य मनोभावको विकृतिले विक्षिप्तताको अवस्थासम्म पुऱ्याउँछ भन्ने कुरा नेपाली उपन्यासमा व्यक्त गरिएको छ । यसका साथै निम्न वर्ग र निरक्षर व्यक्तिमा भन्दा उच्च वर्ग र साक्षर व्यक्तिमा मानसिक समस्या धेरै देखिएको स्थिति पनि नेपाली उपन्यासको अध्ययनबाट प्रस्ट भएको छ । विकृति, विभेद र दमनविरुद्धको चेतना विकसित भए पनि उनीहरूले त्यसविरुद्ध प्रतिरोध गर्ने उपयुक्त मार्ग पहिल्याउन नसक्दा नेपाली उपन्यासका पात्रका मानसिक सन्तुलनमा समस्या देखिएको निष्कर्ष यस अध्ययनले स्थापित गरेको छ ।*

**शब्दकुञ्जी :** उच्च वर्ग, निम्न वर्ग, प्रतिरोध चेतना, मानसिक असन्तुलन, विकृत मनोभाव

## १. विषयपरिचय

मानसिक विक्षिप्ततालाई मानविकीका क्षेत्रमा सामाजिक समस्याका रूपमा लिने गरिएको छ । यो सामाजिक, आर्थिक, धार्मिक, राजनीतिक आदि समस्याका कारण व्यक्तिको मानसिकता परेको प्रभावको अवस्था हो । मानसिक रूपमा विक्षिप्त बनेको मान्छेले जीवनमा आसामान्य व्यवहार देखाउँछ, उसका सोचाइ र क्रियाकलापहरू पनि अन्य सामान्य व्यक्तिको भन्दा भिन्न हुन्छन् । नेपाली उपन्यासमा यस्ता असामान्य व्यवहार देखाउने विक्षिप्त पात्रहरूको प्रयोग गरिएको पाइन्छ । सामाजिक वातावरण, समय र परिस्थितिअनुरूप व्यवहार नगर्ने पात्र असङ्गत वा आसामान्य हुन्छ (घर्ती, २०६७, पृ. ८७) । यस्ता पात्रहरूमा वैयक्तिक, पारिवारिक, सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, धार्मिक आदि विभिन्न कारकले गर्दा परपीडन र स्वपीडन जस्ता समस्याहरू देखिन्छन् । त्यसले गर्दा असामाजिक र अनैतिक कार्य गर्नेतर्फ उद्यत हुने प्रवृत्ति यस्ता पात्रहरूमा रहेको हुन्छ । वर्ग, लिङ्ग, साक्षरता आदिका आधारमा पनि तिनको अध्ययन

गर्न सकिन्छ । नेपाली उपन्यासमा पात्रको मानसिक विक्षिप्तिको अध्ययन विभिन्न दृष्टिबाट भएको पाइन्छ । नेपाली उपन्यासको अध्ययन परम्परालाई नियाल्दा त्यस्ता पात्रहरूको अध्ययन मनोविश्लेषण सिद्धान्तका आधारमा हुने गरेको देखिन्छ । कृष्णचन्द्रसिंह प्रधानले असामान्य मनोवृत्तियुक्त पात्रहरूको अध्ययन "वैयक्तिक कुण्ठा, मानसिक विकृतिहरू, अतृप्त काम-लिप्सा"का आधारमा गरेका छन् (प्रधान, २०६१, पृ. १८३) । त्यस्तै राजेन्द्र सुवेदी (२०५३) ले पनि मनोविश्लेषणलाई नै आधार बनाएर *पल्लो घरको झ्याल, अपर्णा, अनुराधा, कुमारी शोभा, सर्पदंश* प्रभृत्ति उपन्यासहरूको विश्लेषण गरेका छन् । घर्ती (२०६७) ले मनोविश्लेषणात्मक सिग्मन्ड फ्रायडको सिद्धान्तका आधारमा नेपाली उपन्यासमा प्रयुक्त मनोविश्लेषणात्मक पात्रहरूको विश्लेषण गरेका छन् भने लुइटेल (२०६९) ले नेपाली उपन्यासको इतिहासपरक अध्ययन गर्ने सन्दर्भमा मनोविश्लेषणवादी धाराको चर्चा गरेका छन् तर पात्रको विक्षिप्तता र तिनको सामाजिक-आर्थिक सम्बन्धबारे उनले अध्ययन गरेका छैनन् । पौड्याल (२०७७) ले शरीर राजनीतिका आधारमा नेपाली आख्यानको अध्ययन गरेका छन् । उनले वर्गीय चिन्तनको परिधिमा पात्रहरूको अध्ययन गरेको भए पनि असामान्य मनोविज्ञान भएका पात्रहरूको सामाजिकताबारे अध्ययन गरेका छैनन् । व्यक्तिको मानसिक विक्षिप्ततामा अभाव, दमन र शोषण र कुण्ठा जस्ता सामाजिक, आर्थिक आदि पक्षको सम्बन्ध रहेको हुन्छ । त्यस्ता पात्रहरूको अध्ययन विश्लेषणबाट व्यक्तिको मानसिक विक्षिप्तता र सामाजिक, आर्थिक अवस्थासँग तिनको सम्बन्धबारे नवीन तथ्यहरू उजागर गर्न सकिन्छ तर नेपाली उपन्यासका अध्ययनहरूमा तिनको विमर्श, अध्ययन एवम् विश्लेषण हुन सकेको छैन । यसै सन्दर्भमा पात्रको मानसिक विक्षिप्तता र सामाजिक आर्थिक सम्बन्धको विश्लेषण गर्नु प्राज्ञिक दृष्टिले वाञ्छनीय देखिएको छ ।

विक्षिप्त पात्रहरूको सामाजिक वर्ग र तिनको मानसिक समस्याबिच के-कस्तो अन्तःसम्बन्ध रहेको छ भन्ने मूल समस्यामा केन्द्रित भएर यो अध्ययन गरिएको छ । यसको समाधानार्थ यी शोधप्रश्नहरू निर्माण गरिएको छ : (क) गरिबीका विरुद्ध प्रेम, आशङ्का र पश्चात्तापले व्यक्तिको मानसिकतामा कसरी असर पुऱ्याउँछ ? (ख) सम्पन्नताविरुद्ध दमन, असमानता र विभेदले व्यक्तिको मानसिक सन्तुलनमा केकसरी प्रभाव पार्दछ ? (ग) सम्पन्नता र बौद्धिकताका विरुद्ध विकृत राजनीतिक परिवेशले आममानिसको मानसिक स्वास्थ्यमा केकसरी असर गर्दछ ? यिनै प्रश्नहरूको समाधान खोज्नु नै यस लेखको उद्देश्य रहेको छ ।

## २. अध्ययनविधि र विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधकार्य गुणात्मक प्रकृतिको रहेको छ । यसमा निर्धारित उपन्यासबाट तथ्य-सामग्री सङ्कलन गरी तिनको विश्लेषणका आधारमा निष्कर्ष निकालिएको छ । यसका निम्ति फ्रायडको मनोविश्लेषण सिद्धान्तलाई आधार बनाएर विक्षिप्त पात्रहरूको विश्लेषण गरिएको छ । आधुनिक नेपाली उपन्यासमा पूर्वार्ध चरणदेखि उत्तरार्ध चरणसम्मका उपन्यासहरूको प्रतिनिधित्व हुने गरी मानसिक असन्तुलन भएका पात्रप्रयुक्त उपन्यासको छनोट सोद्देश्य नमुना छनोट विधिका आधारमा चयन गरिएको छ । ती उपन्यासहरू यस अध्ययनका निम्ति प्राथमिक सामग्री हुन् भने सम्बद्ध अन्य सामग्री द्वितीयक हुन् । तिनको सङ्कलन पुस्तक अध्ययन र इन्टरनेटका माध्यमबाट गरिएको छ । ती सामग्रीका सूक्ष्म पठनबाट सङ्कलित तथ्यहरूको विश्लेषण गरिएकाले यो पाठविश्लेषणमा आधारित अध्ययन हो । यसमा मनोविश्लेषणको मान्यतालाई विश्लेषणको आधार बनाइएकाले यो अन्तरविधापरक अध्ययन पनि हो ।

साहित्य चिन्तनसँगै मानसिक विक्षिप्ततासम्बन्धी चिन्तन ग्रिसेली परम्परामा भएको पाइन्छ । हिप्पोक्रेट्सले यसलाई मस्तिष्क रोगका रूपमा व्याख्या गरेका छन् प्लेटोले यसलाई नैतिकतासँग गाँसेर चर्चा गरेका छन् । उनका विचारमा नैतिकताको सम्बन्धमा मानसिक स्वास्थ्यसँग रहेको हुन्छ । मानसिक रूपमा स्वस्थ्य हुनु एक प्रकारले

नैतिकताको आधारभूत कुरा हो, असल हुनुको अवस्था हो । यद्यपि उनले अर्का सन्दर्भमा यसलाई शारीरिक रोगभन्दा दैविक इच्छासँग जोडेर चर्चा गरेका छन् (Thiher, 2002, p. 38 मा उद्धृत) । उनले अधिक आनन्द र अधिक पीडालाई विक्षिप्तताको कारक मानेका छन् । यीमार्फत जब आत्मा बिरामी हुन्छ तब मान्छे विक्षिप्त हुन्छ तर कोही पनि मान्छे स्वेच्छाले नभई बाह्य पक्षहरूको प्रभावका कारण विक्षिप्त बन्दछ । त्यसैले प्लेटोका विचारमा मानसिक विक्षिप्ततामा सामाजिक, आर्थिक आदि पक्षहरूको महत्त्वपूर्ण भूमिका हुन्छ ।

रोमन तर्क, विचार र बुद्धिको युग भएकाले उनीहरूले राग, जोस, उन्मादलाई विक्षिप्तताको परिभाषाभित्र राखेका छन् । यसैको प्रभावस्वरूप पुनर्जागरण कालमा पनि यसलाई अबौद्धिकताको प्रदर्शन मानिएको छ । मध्यकालमा यसलाई दैविक इच्छासँग जोडिएको छ । भगवान्को इच्छाले कुनै व्यक्ति मानसिक रूपमा विक्षिप्त हुन सक्छ भन्ने विश्वास त्यस समयमा रहेको पाइन्छ । आधुनिक कालमा आएर सिग्मन्ड फ्रायडले विक्षिप्ततालाई अचेतन मनको अवस्थासँग गाँसेर व्याख्या गरेका छन् । उनले अचेतन मनको प्रबलतालाई विक्षिप्तताका रूपमा व्याख्या गरेका छन् । अचेतन मनलाई “बिर्सिएका विचार, उत्तेजना र आवेगहरू”को भण्डारका रूपमा व्याख्या गरिएको छ (घर्ती, २०६७, पृ. १९) । उनले यसलाई चेतन र अचेतनबिचको द्वन्द्वबाट उत्पन्न पारिस्थितिकीय अवस्था मानेका छन् । यसैलाई आधार बनाएर थिहरले व्यक्तिले द्वन्द्वात्मक परिस्थितिका कारण मानसिक सन्तुलन गुमाउनु विक्षिप्तता हो भन्ने विचार व्यक्त गरेका छन् साथै उनका विचारमा यो लोगोस् अथवा स्थापित परम्पराबाट विच्छेद (ऱ्याप्चर) हो (Thiher, 2002, p. 21) । तसर्थ मानसिक विक्षिप्तता प्राकृतिक गुण नभएर परिस्थितिको उपज हो ।

मिसेल फुँकोले पागलपन समाजबाट निर्मित हुने विचार राख्दै प्रचलित मानसिक रोगसम्बन्धी चिकित्सा पद्धतिलाई चुनौति दिए (Mills, 2005, p. 98) । उनले व्यक्तिलाई ऐतिहासिक रूपमा अलग गरिनुको परिणाम भएकाले यो स्थिर नभएर युगअनुसार परिवर्तन हुन्छ भन्ने विचार प्रस्तुत गरेका छन् । त्यसैले उनले पागलपन इतिहासको निश्चित कालखण्डमा समाजद्वारा निर्मित भाष्यको उपज रहेको विचार व्यक्त गरेका छन् । इतिहासका फरक फरक कालखण्डमा यो विभिन्न रूपमा संरचित छ भने यसलाई फरक फरक दृष्टिमा परिभाषित पनि गरिएको छ । उनका अनुसार प्राचीन कालमा यसलाई रोगभन्दा पशुत्वपूर्ण व्यवहारका रूपमा लिने गरिन्थ्यो । जब व्यक्तिमा मानिस हुनुको गुण सकिएर पशुको व्यवहार देखा पर्न थाल्छ तब उसलाई पागलको संज्ञा दिइन्थ्यो भने बाह्रौं शताब्दीमा कुष्ठरोगीलाई पनि पागल व्यक्तिलाई जस्तो व्यवहार गरिन थालियो र उनीहरूलाई समाजभन्दा टाढा अलग्गै राख्ने व्यवस्था गरियो । पछि सोह्रौं शताब्दीमा आएर कुष्ठरोगको महामारी कम हुन थालेपछि समाजबाट बहिष्कृत व्यक्तिलाई पागलका रूपमा कुष्ठरोगीहरूका निम्ति बनाइएको अलग स्थलमा लगेर राख्न थालियो । त्यस समयमा काम गर्न नसक्ने, निष्क्रिय र गरिबहरूलाई पागलको संज्ञा दिई त्यसरी राख्ने गरेको कुरा उनले उल्लेख गरेका छ । त्यसैले पागलपन निश्चित संस्था (समाज वा राज्य) द्वारा संस्थागत गरिएको भाष्य हो भन्ने उनको विचार छ । त्यसैले उनले ज्ञान र सत्य जस्तै पागलपन पनि निश्चित भाष्यद्वारा निर्मित हुन्छ भन्ने विचार व्यक्त गरेका छन् ।

मानसिक विक्षिप्तता मान्छेको जीववैज्ञानिक समस्या नभएर सामाजिक-राजनीतिक परिस्थितिको उपज हो । फ्रायडले आर्थिक परिस्थितिसँग जोडेर मानसिक अवस्थाको चर्चा गरेको नपाइए पनि अप्रत्यक्ष रूपमा बाह्य पक्षको प्रभावसँग यसको सम्बन्ध हुन्छ भन्ने कुरा उनको सिद्धान्तको विमर्शबाट पुष्टि हुन्छ । उनको जोड दमित एवम् कुण्ठित कामेच्छामा रहेको छ । ‘काम’ शब्दलाई व्यापक आयाममा व्याख्या गर्दा व्यक्तिको आर्थिक पक्ष र वर्गसम्बन्धमा जोडिन पुग्छ । अचेतन मन पूर्णपरिपाक हुन नसकेका इच्छाहरूको भण्डार भएकाले यसमा

गरिबी र अभावका कारण कुण्ठित मनको अवस्था पनि जोडिन आउँछ । निम्न वर्गसँग उत्पादनका साधनहरूमाथि नियन्त्रण नहुँदा, गरिबी एवम् अभावका कारण उनीहरूको सामान्य आवश्यकता र इच्छाहरू पनि दमित हुन्छ र मान्छे विक्षिप्तताको अवस्थामा पुग्न सक्छ । त्यस्तै फुँकोले पनि गरिबीलाई पागलपनको कारण मानेको छन् । उनका विचारमा विक्षिप्तता सामाजिक अवस्था, यौनदुराचार र गरिबीको परिणाम हो (Mills, 2005, p. 102) । एडलरका विचारमा व्यक्ति मनोरोगी हुने कारण संरचनात्मक वा शारीरिक (अन्धो, लुलो आदि) रुग्णता, क्रियात्मक रुग्णता (हिँड्डुल गर्दा दुख्नु) र मानसिक रुग्णता (चिन्ता, डर, उद्वेग, क्षोभ, उदासीनता, आदिले ग्रस्त हुनु हो (शर्मा र लुइटेल, २०६१, पृ. १८३) । त्यस्तै विलियम्स र अन्यले लैङ्गिक दृष्टिबाट सामाजिक असमानतालाई मानसिक विक्षिप्तताको कारक मानेका छन् (Williams et al, 2001, p. 98) । यसरी मानसिक विक्षिप्ततासम्बन्धी धारणाहरूका आधारमा यो चिकित्सा उपचारको विषयभन्दा बढी सामाजिक समस्याको विषय भएको प्रस्ट हुन्छ । त्यसैले कुनै पनि व्यक्ति आफैँ विक्षिप्त हुँदैन, उसलाई कि त समाजले आक्षेप लगाएको हुन्छ अथवा विविध समस्याले गर्दा मानसिक रूपमा ऊ विक्षिप्त बनेको हुन्छ ।

मूल रूपमा व्यक्तिको मानसिक विक्षिप्ततालाई व्यवस्थित गर्ने सन्दर्भमा सिग्मन्ड फ्रायडको स्थान अग्रणी रहेको छ। उनले व्यक्तिको मनोविश्लेषणका सन्दर्भमा मूलप्रवृत्तिको सिद्धान्त, मनको सिद्धान्त, अन्तर्द्वन्द्वको सिद्धान्त, मनोरचनाको सिद्धान्त आदिको विकास गरेका छन् । प्रस्तुत लेखमा फ्रायडका यिनै सिद्धान्तलाई पात्रहरूको मानसिक विक्षिप्तताको अध्ययन गर्ने मापदण्ड बनाइएको छ र त्यस आधारमा देखिएका विक्षिप्त पात्रहरूको सामाजिक, आर्थिक वर्गसँगको सम्बन्धलाई अध्ययन गरिएको छ ।

## ३. नेपाली उपन्यासका विक्षिप्त पात्र र तिनको सामाजिक-आर्थिक अवस्था

नेपाली उपन्यासमा विभिन्न सामाजिक एवम् आर्थिक अवस्थाका पात्रहरूमा मानसिक विक्षिप्तता देखाइएको छ । आर्थिक दृष्टिले उच्च र निम्न वर्ग, साक्षरताका दृष्टिले साक्षर एवम् निरक्षर पात्रहरूमा यस्तो समस्या देखिएको छ । यस कुराका पुष्टिका निम्ति लैनसिंह बाङ्देलको *मुलुकबाहिर,* विजय मल्लको *अनुराधा,* विश्वेश्वरप्रसाद कोइरालाको *नरेन्द्र दाइ,* शरद पौडेलको *लिखे,* सञ्जीव उप्रेतीको *घनचक्कर* उपन्यासमा प्रयुक्त विक्षिप्त पात्रलाई नमुना सामग्रीका रूपमा छनोट गरी विश्लेषण गरिएको छ ।

### ३.१ आर्थिक अभावविरुद्ध प्रेम, आशङ्का र पश्चात्ताप

आर्थिक अभावलाई विक्षिप्तताको एउटा कारक तत्त्व मानिएको छ । विजय मुरली र फेमी ओइबोडको अध्ययनमा पनि गरिबीलाई मानसिक समस्या निम्तिनुको मुख्य कारक मानिएको छ । उनीहरूका विचारमा गरिबीको आयाम व्यापक रहेको छ । यसभित्र आधारभूत आवश्यकता पूरा गर्न नसक्नु, स्रोतसाधनमाथि नियन्त्रण नहुनु, शिक्षाको अभाव र कमजोर स्वास्थ्य स्थिति आदि पर्छन् । मान्छेको भावनात्मक सन्तुलन, व्यवहार र मानसिक समस्यामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गरिबीको प्रभाव रहेको हुन्छ (Murali & Oyebode, 2004, p. 16) । ल्यागनर र मिसेलले पैसा नै मानसिक स्वास्थ्यको निर्धारक तत्त्व होइन तर पनि गरिबीका कारण मान्छेको मानसिक स्वास्थ्य कमजोर बन्न सक्छ भन्ने विचार व्यक्त गरेका छन् (Langner & Michael, 1963, p. 11) । उनीहरूको विचारमा मान्छेको मानसिक अवस्था र आर्थिक अवस्थाबिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । आर्थिक अभावका कारण उचित शिक्षादीक्षा प्राप्त गर्न नसक्दा र व्यावहारिक दबाबका कारण मान्छेको मानसिक स्वास्थ्यमा

प्रतिकूल असर पर्न सक्छ र यसैका कारण ऊ विक्षिप्तताको अवस्थामा पुग्न सक्छ । यस विचारलाई लैनसिंह बाङ्देलको *मुलुकबाहिर* उपन्यासका आधारमा विश्लेषण गर्न सकिन्छ । यसको मुख्य पात्र रने आर्थिक दृष्टिले निम्न वर्गको हो भने ऊ विक्षिप्त मानसिकता भएको पात्र हो । उसमा इदम ग्रन्थिको प्रबलता रहेको छ । उसमा रिस र आवेगलाई नियन्त्रण गर्न सक्ने पराहम्को अभाव देखिन्छ जसका कारण सामान्य भनाभन र आशङ्काकै कारणले श्रीमतीको हत्या गर्छ । त्यसपछि उसमा स्वपीडनको प्रवृत्ति विकास भएको छ जसले उसलाई आत्महत्याको अवस्थासम्म पुऱ्याएको छ ।

रनेको असामान्य मानसिकतालाई उसको क्रियाकलापबाट पुष्टि गर्न सकिन्छ । आफैँले प्रेम गरेर विवाह गरेकी म्याउचीको चरित्रमाथि ऊ अनावश्यक शङ्का गर्ने गर्छ, सामान्य भनाभनकै अवस्थामा आफ्नो चेतना गुमाउँछ अनि म्याउचीलाई पटुकाले हात बाँधिदिएर टिस्टा नदीमा फालिदिन्छ । यस अवस्थामा “रने साँच्चै क्रोधान्ध बनेको छ” (राई, २०७६, पृ. ६१) । यो रनेको पागलपनको पराकाष्ठा हो । यो उसको क्षणिक पागलपन हो किनभने त्यस कुकृत्यलगत्तै ऊ घस्रिँदै बाटामुनिको ठुलो पहाराको डिलनेर गएर घुँडा टेकेर पानीतिर हेर्दै रुन थाल्छ । रने यस घटनापछि मानसिक रूपमा विक्षिप्त बनेको छ । यसै कारण ऊ ब्रिटिस सेनामा भर्ती भएर युद्धमा सहभागी हुन्छ । त्यहाँ घाइते भएका साथीहरूको सेवा गरेर म्याउचीलाई गरेको पापको पश्चात्ताप गर्ने कोसिस गर्छ । यस कुरालाई उसैले म्याउचीकी बहिनी मसिनीलाई “त्यही विरहले त म पल्टनतिर हिँडेको” भन्ने कथनले पुष्टि गरेको छ । मसिनीसँग भेट भएपछि उसले बिर्सने प्रयास गरेको म्याउचीको याद अझ ताजा हुन थाल्छ । यसले उसको मानसिकता विक्षिप्त बढ्दै जान्छ र अन्ततः उसले आत्महत्या गर्छ ।

आर्थिक दृष्टिले रने नेपालको पूर्वी पहाडबाट हिउँदमा आरा काट्ने र तख्ता बोक्न जाने श्रमजीवी वर्गको पात्र हो । ऊ मात्र होइन *मुलुकबाहिर* उपन्यासका पात्रहरू सबै सङ्घर्षशील निम्नवर्गीय रहेका छन् । आर्थिक अभावका बिच पनि हाँसखेल र ख्यालठट्टा गर्दै साथीहरूलाई समेत रमाइलो गराउने पात्र रनेको मानसिक विक्षिप्तता म्याउचीसँगको प्रेम र आशङ्कासँगै बढेको छ । विल्किसनले आर्थिक अभावका कारण मान्छेमा मानसिक दबाब सिर्जना हुने र यसैका कारण मान्छे मनोरोगी भई हत्या, हिंसा र अपराध कार्य गर्छ भन्ने विचार व्यक्त गरेका छन् (सन् १९९६, पृ. ५–८) तर रनेको चरित्र विल्किसिनको विचारसँग मेल खाँदैन । ऊ आर्थिक अभावकै कारण टिस्टातिर कामको खोजीमा गएको हुन्छ तर पैसा कमाएर चाँडै सम्पन्न बन्ने उसको सपना छैन । हिउँदभरि काम गरी केही रकम लिएर गाउँ फर्किने रने जस्ता आमनेपालीहरूको वास्तविकता हो । पैसाका अभावमा उनीहरू विक्षिप्त बनेका छैनन् । रनेको विक्षिप्तताको कारण आर्थिक अभाव नभएर प्रेम, आशङ्का र पश्चात्ताप रहेको कुरा माथि चर्चा गरिएको उपन्यासको प्रसङ्गले पुष्टि गर्दछ । त्यसैले आर्थिक अभावका कारणले मात्र मान्छे मानसिक रूपमा विक्षिप्त बन्न सक्दैन, उसमा जागृत प्रेम, आशङ्का र पश्चात्ताप जस्ता मनोभावको प्रबलताका कारण विक्षिप्त हुन्छ र विक्षिप्तताको अवस्थामा पुग्छ भन्ने कुराको पुष्टि रनेको चरित्रबाट हुन्छ ।

## ३.२ सम्पन्नताविरुद्ध दमन, असमानता र विभेद

आर्थिक दृष्टिले सम्पन्न पात्रमा पनि मानसिक विक्षिप्तता पाइन्छ । खानलगाउनको समस्या नहुँदा पनि मनोभावको दमन र विभेदका कारण व्यक्तिको मानसिकता अस्वस्थ बन्न पुगेको देखिन्छ । सिग्मन्ड फ्रायडले मनोभावको दमनलाई मानसिक विक्षिप्तताको मुख्य कारक मानेका छन् । स्वाभाविक रूपमा जागृत मनोभावको तीव्र दमनका कारण अचेतन मनबाट व्यक्ति सञ्चालित भएको अवस्था विक्षिप्तता हो । यसका साथै समाजमा विद्यमान लैङ्गिक विभेद र असमानताका कारण पनि मान्छे विक्षिप्तताको अवस्थाबाट गुज्रिएको पाइन्छ । पितृसत्ताका कारण महिलाहरू र बुर्जुवा

संस्कृतिका कारण निम्न वर्ग मानसिक विक्षिप्तताको सिकार बनेका छन् (Houston, 2003, p. 46) । यहाँ दमन शब्दले व्यक्तिको कामभावको दमन र विभेदका कारण हुने लैङ्गिक दमन आदि दुवै अर्थ वहन गरेको छ । यस विचारलाई विजय मल्लको *अनुराधा* र विश्वेश्वरप्रसाद कोइरालाको *नरेन्द्र दाइ* उपन्यासका सन्दर्भबाट विश्लेषण गर्न सकिन्छ ।

*अनुराधा* उपन्यासमा आर्थिक दृष्टिले सम्पन्न पात्रहरू मानसिक विक्षिप्तताको सिकार भएका छन् । अनुराधा काठमाडौँको मध्यम वर्गीय व्यापारी घरानाकी कान्छी छोरी र दार्जिलिङ एवम् लखनउबाट आधुनिक शिक्षा हासिल गर्ने अवसर पाएकी पात्र भएर पनि लैङ्गिक विभेद र असमानताको सिकार बनी विक्षिप्तताको अवस्थामा पुगेकी छ । उसमा पराहम् ग्रन्थि, स्वपीडन, परपीडन जस्ता मनोभावको तीव्र विकास भएको छ । वास्तवमा ऊ "बहुलाही होइन, न सुरुदेखि नै स्नायु-रोगले पीडित रोगी हो तर ऊ बहुलाउँछे, विक्षिप्त हुन्छे, ... उसको स्वाभाविक प्रवृत्ति त अहङ्कारी प्रवृत्ति हो" (प्रधान, २०६१, पृ. ३२०) । उसमा इदम् वृत्ति प्रबल भए पनि त्यसको विष्फोट गराउने मुख्य तत्त्व भने पितृसत्ताको दमनकारी प्रवृत्ति नै हो । लखनउबाट बोलाएर झुक्याई स्वयंवर गराउने प्रयास गर्दा ऊ त्यसको सफल प्रतिकार गर्छे र बदलाको खोजीमा लाग्छे । त्यसै बेला रत्नमानले सफलतापूर्वक स्वयंवर सम्पन्न भएको र चाँडै विवाह हुने झुटो प्रचार गर्दछ । केही समयपछि उसको हक लाग्ने वस्तुझैँ ठानेर "अहिले नै तपाईंले अनुराधालाई पठाउनुभएन भने मेरो इज्जतका खातिर पनि कुनै कार्य नगरी मलाई सुख नै हुने छैन । यसैले यसलाई अन्तिम पत्र सम्झनुहोला र आजै घरमा पठाइदिनुहोला" (मल्ल, २०६९, पृ. ९९) भन्ने खबर पठाउँछ । यस उपन्यासका पुरुष पात्रहरू "नारीलाई वस्तु ठान्ने र संवेदनहीन निर्जीव सम्पत्ति ठान्ने सामन्ती सोचाइले... नराम्ररी जकडिएका छन्" (एटम, २०७०, पृ. १७३) । यस प्रकारको पुरुषवादी दमनका कारण अनुराधामा अहम् भावको तीव्र विकास हुन पुग्छ र प्रतिशोधका लागि रत्नमानको घरमा जान्छे । यस क्रममा उसको "चेतनभन्दा अचेतन मन प्रबल भएको देखिन्छ" (घर्ती, २०६७, पृ. २३९) । रत्नमानलाई मार्ने अनेक प्रयासका गरे पनि उसको मनको अन्तर्द्वन्द्वका कारण असफल हुन्छे र बहुलाउँछे । यसरी अनुराधा पितृसत्ताको दमनका विरुद्ध उठ्न खोजे पनि सफल हुन नसक्दा बहुलाएकी छ । यसले कुनै पनि व्यक्तिमा भएको आन्तरिक वृत्तिको उजागरका लागि बाह्य परिवेश जिम्मेवार हुन्छ भन्ने कुरा पनि पुष्टि गरेको छ । अनुराधामा अहङ्कारी भाव भए पनि पितृसत्ताको दमनकारी व्यवहारका कारण त्यो विस्फोटको अवस्थामा पुगेको छ । पुरुषवादी समाजमा निरीह बनेकी नारी अनुराधा त्यसैका कारण विक्षिप्तताको अवस्थाबाट गुज्रिएकी छ । त्यसैले दमन र विभेदका कारण मान्छेले उचित मार्ग पहिल्याउन नसक्दा ऊ मानसिक रूपमा अस्वस्थ्य बन्दछ ।

आर्थिक सम्पन्नता भएर पनि दमन र विभेदका कारण मानसिक विक्षिप्ताको अवस्थामा पुगेकी अर्को पात्र *नरेन्द्र दाइ* उपन्यासकी गौरी पनि हो । आफ्नो लोग्ने नरेन्द्र हाकाहाकी घरकै नोकर्नीसँग प्रेम गरिहिँड्दा पनि ऊ प्रतिरोधको झिनो आवाज उठाउन सक्दिन । पितृसत्तात्मक समाज व्यवस्थामा ऊ एक निरीह नारी बनेर परिवारभित्रै कथित आदर्श बुहारीका रूपमा बसिरहन बाध्य छे । ऊ "आफूभित्र नरेन्द्र छन् भनेर पागल आत्मसंलाप पालेर जीवन व्यतीत गरिरहेकी छ" (सुवेदी, २०५३, पृ. २६७) । सिङ्गो जवानी लोग्नेबिना बाँच्नुपरेको पीडाका कारण क्षयरोगले ग्रस्त नरेन्द्र फर्केर आउँदा गौरी पागल बनिसकेकी हुन्छे : "पहिलेकी गौरी जो पति जीवित छँदा वैधव्यको आचरण गर्थिन् र कहाँ आजकी गौरी, पतिको मृत्युपछि पूरा सधवाको सौभाग्यमा आफूलाई सिँगारेर बसेकी, कत्रो भीषण परिवर्तन, कत्रो असहनीय रूपान्तर" (कोइराला, २०६६, पृ. ६२) । उसको यस प्रकारको विक्षिप्तताको प्रमुख कारण नेरन्द्रको पितृसत्तात्मक अहङ्कारी व्यवहार नै हो । बिहे गरेर ल्याएकी श्रीमतीबाट पूर्ण सुखभोग नपाउने सङ्केत पाएकै भरमा पुष्ट शरीरधारी, नोकर्नी एवम् गौना भइसकेकी मुनरियालाई लिएर हाकाहाक्की हिँड्दा पनि "लोग्नेमानिस जातैले हक्की हुन्छन्, उनले जातैले पाएको अधिकार हो आफ्नी स्वास्नीमा... ही ही... खोज्ने । त्यसमा त्यो कुरा पाएन भने ऊ अर्कीलाई ल्याउँछ

र झन् अर्की" भन्ने विचार सबैले सामान्य रूपमा स्वीकार गरेका छन् (पृ. ११) । यसले गर्दा गौरी सारा इच्छाआकाङ्क्षालाई दबाएर बस्न बाध्य छे । यसैको परिणाम स्वरूप ऊ विक्षिप्त अवस्थामा पुगी बहुलाएकी छे । त्यसैले आर्थिक सम्पन्नता भएर पनि समानता र स्वतन्त्रताको अभावमा कुण्ठित भएर बस्नुपर्दाको अवस्थामा मान्छे विक्षिप्तताको अवस्थामा पुग्छ भन्ने कुरो गौरीका कार्यकलापबाट प्रस्ट हुन्छ ।

आर्थिक अभाव भए पनि मान्छेले स्वतन्त्रता प्राप्त गर्न सकेको अवस्थामा उसको मानसिक अवस्था असन्तुलित हुँदैन । नरेन्द्र दाइ उपन्यासकी पात्र मुनरिया निम्न वर्गकी पात्र हो तर उसले गौरीको जस्तो असामान्य अवस्थाबाट गुज्रनुपरेको छैन । एउटासँग गौना भएर पनि उसले नरेन्द्रसँग जवानीभर स्वतन्त्र घुमफिर गरेकी छ र नरेन्द्र क्षयरोगी भएपछि जौहारीसँग बिहे गरेर सुखी जीवन बाँचेकी छ । त्यसैले आर्थिक अभावका कारण मान्छे मानसिक रूपमा असामान्य अवस्थामा नपुगेर आर्थिक सम्पन्नता भएर पनि दमन, विभेद र परतन्त्रका कारण गौरी जस्ता मान्छे विक्षिप्तताको अवस्थामा पुग्छ भन्ने कुरा प्रस्ट हुन्छ । अनुराधा जस्तै गौरीले पनि विभेदका विरुद्ध लड्ने स्पष्ट मार्ग पहिल्याउन सकेको देखिँदैन । तसर्थ दमन, शोषण र विभेदको ज्ञान भएर पनि त्यसविरुद्ध प्रतिरोध गर्ने मार्गको अभावमा मान्छे पागल हुन सक्छ भन्ने कुरो यी उपन्यासमा देखाइएको छ ।

### ३.३ सम्पन्नता र बौद्धिकताविरुद्ध विकृत राजनीति

आर्थिक रूपमा सम्पन्न, शिक्षित एवम् बौद्धिक मान्छे पनि देशको विकृत राजनीतिका कारण बहुलाउन सक्छ । विश्वविद्यालयका प्राध्यापक, समाज, संस्कृति र राजनीतबारे बहस छलफल गर्ने विद्वान् व्यक्ति भएर पनि सञ्जीव उप्रेतीको *घनचक्कर* उपन्यासमा म पात्र बहुलाएको छ । उपन्यास लेखनका सन्दर्भमा उपन्यासकार स्वयम्ले यसमा पागलपनको कथा रहेको स्वीकार गरेका छन् : "व्यक्तिको पागलपन देखाउनु थियो, समाजको पागलपन देखाउनु थियो, मसँग विषय थियो वाद थिएन" (लामिछाने, २०७५, अन्नपूर्णपोस्ट डट कम) । यो कृति रचनाको पृष्ठभूमिमा माओवादी विद्रोह, २०६२/६३ को जनआन्दोलन र त्यसलगत्तैका घटना र सेरोफेरोमा विकसित राजनीतिक, सामाजिक, सांस्कृतिक र शैक्षिक विकृति विसङ्गतिलाई जीवनजगत्को चिन्तनका रूपमा प्रस्तुत गर्ने सन्दर्भमा राष्ट्रिय परिवेशको विक्षिप्तताको प्रतिनिधिका रूपमा म पात्रको चरित्र उभिएको छ । राजनीति र इतिहासका रहस्य एवम् तथ्य र कल्पनाका विभ्रमका बिच आमनेपालीहरूले घनचक्करको पागलसरी जीवन जिउनुपरेको यथार्थ यसमा अङ्कन गरिएको छ : "सहरमा सबैतिर यत्रो दुःख र पीडा, यस्तो बहुलट्ठी अराजकता बढेका बेला म पनि सायद भित्रभित्रै अझै खुस्किँदै, झन् बहुलाउँदै चाँडै पूर्ण पागल हुन्छु होला" (उप्रेती, सन् २००७, पृ. १८४) । यस कथनले राजनीतिक परिवेश विकृत बन्दै जाँदा मान्छेको मनस्थिति पनि असामान्य बन्दै गएको देखाएको छ । कुनै पनि मान्छेलाई आर्थिक समस्याले नपिरोले पनि राजनीतिक एवम् सामाजिक समस्याले विक्षिप्त बनाउँछ भन्ने कुरालाई माथिको सन्दर्भले पुष्टि गर्दछ ।

देशको राजनीतिक एवम् सामाजिक परिवेशको प्रत्यक्ष सम्बन्ध मानव मस्तिष्कसँग रहेको हुन्छ । शरीरविज्ञानको संरचनात्मक अध्ययनले मात्र मानव मस्तिष्कको बाह्यान्तर विश्लेषण गर्न सक्दैन । *घनचक्कर* उपन्यासको म पात्र स्वयम्ले बोध गरेको यथार्थले पनि यसै कुरालाई पुष्टि गर्छ :

> जे-जस्तो भए पनि देशको स्थिति तथा मेरो छटपटी र अस्थिरताबिच कुनै सम्बन्ध पक्कै छ । वास्तवमै त्यस्तो सम्बन्ध छ भने त केही गरी जनताको एकजुट आन्दोलन सफल भयो, देशको स्थिति सुध्रियो, आतङ्क र अराजकता सबै सकियो, सबै मानिसले काम पाए र दाम पाए, सबै खुसी हुँदै गए त मेरो मगज पनि सुध्रिँदै जान सक्छ नि ।... सायद देशको स्थिति सुध्रिए म पनि पुनः सद्दे बनी घर फर्कन सक्नेछु । (उप्रेती, सन् २००७, पृ. १७२)

जनआन्दोलन २०६२/६३ को सन्दर्भमा नेपाली राजनीतिसँगै नेपाली जनताको भविष्य पनि अन्योलग्रस्त थियो । राजतन्त्र, लोकतन्त्र, गणतन्त्र, जनवाद जस्ता राजनीतिका अनेक भुलभलैयामा जनता रुमलिएको अवस्था थियो । यस्तो सन्दर्भमा आमनेपाली निरुपाय बनेका थिए । मान्छे समस्या पहिचान भएर पनि निकासको पहिचान हुन सकेन भने उसको मानसिक सन्तुलन बिग्रन सक्छ । यस उपन्यासका सन्दर्भहरूले यसै कुरालाई पुष्टि गरेका छन् । एडलरको विचारअनुरूप यो डर, चिन्ता, भय, त्रासको 'मानसिक रुग्णता' हो जसका कारण मान्छे पागल हुन सक्छ। तसर्थ राज्य व्यवस्थाको वर्तमान परिस्थितिमा कुनै पनि व्यक्ति राजनीतिबाट निरपेक्ष हुन सक्ने देखिँदैन । राजनीतिको वातावरण खलबलिएको अवस्थामा व्यक्तिको मानसिकता पनि असन्तुलित हुँदै जान्छ र त्यस्तो परिस्थिति लम्बिँदै जाँदा जनतामा पनि अझ बढी विक्षिप्तता बढ्दै जान्छ ।

शरद पौडेलेको *लिखे* उपन्यासमा निम्न वर्ग एवम् दलित उत्पीडित जातिको पात्रले चरम दमन र विभदेका बिच पनि विद्रोहका निम्ति तयारी गरेको छ । यसका निम्ति उसले स्पष्ट राजनीतिक एवम् वैचारिक प्रशिक्षण प्राप्त गरेको छ । यसले गर्दा उसको मानसिक सन्तुलनमा खलबल आएको छैन । यसको लिखे छुवाछुत र गरिबीको विभेदबाट ग्रसित समुदायको प्रतिनिधि पात्र हो । विष्टको घरमा नोकर बनेर बस्दाको असह्य विभेदजन्य पीडा र गरिबीबाट मुक्तिको खोजीमा ऊ भारतीय सहर चाहार्न पुग्छ तर त्यहाँ पनि उसले सुखको सास फेर्ने ठाउँ पाउँदैन । यस्तो असहज परिस्थितिका बाबजुद पनि उसले सामाजिक विभेद र उत्पीडनविरुद्धको चेतना प्राप्त गरेको छ :

> ह्याँ आएसी मैले साथीहरूको संगत र सहयोगले पढ्न सिकेँ, लेख्न सिकेँ । अझै मेरा आदरणीय दाइ सुनाम, जसलाई मैले मेरो जिन्नकीभर बिर्सन सक्तिनँ, उहाँले मलाई धेरै कुरा बुझ्न सघाम्नुभो । हाम्रो समाज, हाम्रो रीतिथिति, हाम्रो देश, हाम्रो व्यवस्था, गरिप, धनी, महिला, पुरुषका बिचमा होचीअर्घेली जस्ता धेरै विषयमा दाइले मेरो आँखा खोलिदिनुभयो । म निस्पट्ट अनेरोमा थिएँ । दाइले मभित्रको मुन्छेलाई जगाइदिनुभयो, जिन्नकीमा कसरी बाँच्नपर्छ भनेर बाटो हेर्न सघाउनुभयो । म उहाँलाई पर्नाम गर्छु । (पौडेल, २०७३, पृ. २७५)

सुनाम यस उपन्यासको एक राजनीतिक पात्र हो । ऊ प्रवासमा बसेर निम्नवर्गीय नेपालीहरूलाई सहयोग र प्रशिक्षण दिई उत्पीडनका विरुद्ध जागृत गराउने पात्र हो । उसैको सङ्गतबाट लिखेले पनि सङ्गठनको महत्त्व बुझेको छ : "सङ्गठन भनेको निकै ठूलो कुरो रच । यसले हाम्रो ज्यानमा शक्ति हाल्ने रच । हाम्रो धमिलो आँखालाई चम्किलो बनाउने रच" (पौडेल, २०७३, पृ. २७५) । यसरी चेतनाको विकाससँगै उचित साङ्गठिनक मार्गनिर्देश पनि प्राप्त गरेकाले लिखेको मानसिक चेतना अझ जुझारु बनेको छ तर *घनचक्कर* उपन्यासको म पात्र साक्षर एवम् सम्पन्न भए पनि विकृति विरुद्धको निश्चित कार्ययोजना प्राप्त हुन नसक्दा बहुलाएको छ । त्यसैले दमन, उत्पीडन र विकृतिको बोधगम्यतासँगै प्रतिरोधी चेतना र उपयुक्त मार्गनिर्देश नभएर व्यक्तिको मानसिक सन्तुलन बिग्रने देखिन्छ ।

माथि विश्लेषण गरिएका उपन्यासका सन्दर्भहरूले व्यक्तिको विक्षिप्तता बाह्य सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिकलगायतका पक्षहरूसँग प्रत्यक्ष सम्बन्धित भएको पुष्टि गर्दछ । कोही पनि मान्छेको मानसिक सन्तुलन बिनाकारण बिग्रन सक्दैन । त्यसका लागि बाह्य पक्षहरूको भूमिका हुन्छ । विक्षिप्ततासम्बन्धका अध्येताहरूले गरिबी र अभावलाई पनि मुख्य कारण मानेका छन् तर नेपाली उपन्यासको सन्दर्भबाट अध्ययन गर्दा केवल गरिबी र अभावकै कारण मान्छे विक्षिप्त हुन्छ भन्ने कुरा पुष्टि हुन सक्दैन । चरम अभावमा बाँचेका मान्छेहरू निरन्तर सङ्घर्ष गरिरहन्छन्, रने जस्ता पात्रहरू त्यसैमा रमाउन पनि सक्छन् तर त्यसका अतिरिक्त लोभ, भय, शङ्का, पश्चात्तापजन्य मनोभावहरू प्रबल हुँदै गएपछि ऊ विक्षिप्त बन्छ ।

## ४. निष्कर्ष

मानसिक सन्तुलनमा समस्या भएका नेपाली उपन्यासका पात्रहरूको वर्गीय दृष्टिले अध्ययन गर्दा निम्न वर्गमा भन्दा उच्च वर्गमा मानसिक समस्या देखिएको छ । माथि विश्लेषण गरिएका उपन्यासहरूमा *मुलुकबाहिर*बाहेक अन्य उपन्यासका पात्रहरू सम्पन्न वर्गकै रहेका छन् । *अनुराधा* र गौरीमा देखिएको विक्षिप्तता यसैका उदाहरण हुन् जो विभेद र दमनका कारण बहुलाएका छन् । घनचक्कर उपन्यासको म पात्र पनि यस्तै प्रकारका सामाजिक राजनीतिक विसङ्गतिको सिकार भएको आम मानिसको प्रतिनिधि हो । कुनै पनि व्यक्तिले दमन र विभेदलाई स्वीकार गर्न सकेको खण्डमा उसमा मानसिक सन्तुलन बिग्रिएको पाइँदैन तर त्यसलाई स्वीकार गर्न पनि नसकेको र त्यसविरुद्ध विद्रोह गर्न पनि असमर्थ भएको अवस्थामा उसको मानसिक सन्तुलन बिग्रेको पाइन्छ । *अनुराधा* उपन्यासमा अनुराधाले रत्नमानको पुरुषवादी दमनको स्पष्ट बोध गरी त्यस विरुद्ध अल्पकालीन विद्रोहको प्रयास पनि गरेकी छ तर उक्त विद्रोहले साकार रूप लिन सकेको छैन । ऊसँग रत्नमानलाई बदला लिने तीव्र भाव जागृत भए पनि त्यसलाई साकार बनाउने स्पष्ट मार्गनिर्देश तयार गर्न नसक्दा उसको मानसिक सन्तुलन बिगार्न पुगेको छ । यदि उसले रत्नमानको अत्याचारविरुद्ध प्रतिरोध गर्ने कुनै वैचारिक वा भौतिक मार्ग पहिल्याउन सकेको भए उसको मानसिक सन्तुलन बिग्रने सम्भावना देखिँदैन । यसविपरीत शरद पौडेलेको *लिखे* उपन्यासमा एउटा कथित तल्लो जातको निम्न स्तरीय पात्र चरम दमन र विभदेका बिच पनि विद्रोहका निम्ति तयार भएको छ र त्यस क्रममा उसको मानसिक सन्तुलनमा खलबल आएको छैन । यसको लिखे पात्र छुवाछुत र गरिबीको विभेदबाट ग्रसित समुदायको प्रतिनिधि पात्र हो । सानै उमेरमा विष्टको घरमा नोकर बन्दा सहनुपरेको असह्य विभेदजन्य पीडा र गरिबीबाट मुक्तिको खोजीमा ऊ भारतीय सहर जान्छ तर त्यहाँ पनि उसले अनेक हन्डर खानुपर्छ । यसबिच पनि उसले जीवनसङ्घर्षलाई निरन्तरता दिएको छ । यस्तो असहज परिस्थितिका बाबजुद पनि उसले सामाजिक विभेद र उत्पीडनविरुद्ध जागृत हुने राजनीतिक चेतना प्राप्त गरेको छ । यसले उसलाई अझ जुझारु बनाएको छ । जब लिखेमा गरिबी, अभाव, दमन र उत्पीडनको बोध हुन थाल्यो त्यसै समयमा उसले राजनीतिक विचार व्यक्तिसँग सङ्गत गर्ने अवसर पायो जसले उसमा राजनीतिक चेतनाको बिउ रोपिदियो र त्यसैका भरोसामा प्रतिरोधको चेतना जागृत भयो । यसरी समस्याको पहिचानपश्चात् समाधानको सही मार्ग पहिल्याउन सक्यो भने मान्छे जस्तोसुकै विषम परिस्थितिमा पनि पागलन बन्न सक्दैन भन्ने तथ्य लिखेको चारित्रिक विकासबाट पुष्टि हुन्छ । शैक्षिक दृष्टिले मानसिक सन्तुलन बिग्रिएका पात्रहरूको अध्ययन गर्दा निरक्षरभन्दा साक्षर व्यक्तिमा धेरै समस्या देखिएको छ । माथि विश्लेषित उपन्यासका साक्षर व्यक्तिहरूको आर्थिक अवस्था पनि कमजोर छैन । सबल आर्थिक अवस्थासँगै प्राप्त गरको शैक्षिक चेतनाका कारण सामाजिक एवम् राजनीतिक परिवेशको बोधगम्यतामा गहनता देखा परेको छ । *अनुराधा* उपन्यासकी अनुराधा र *घनचक्कर* उपन्यासको म पात्र यसका उदाहरण हुन् । उच्च शिक्षासँगै विकसित चेतनाका कारण व्यक्तिले सामाजिक एवम् राजनीतिक विसङ्गतिलाई चिर्ने प्रयास गर्दछ तर त्यसका निम्ति उचित निकास प्राप्त गर्न नसकेपछि उसमा मानसिक दबाब बढ्न थाल्छ र मानसिक सन्तुलन बिग्रन्छ । *घनचक्कर* उपन्यासको म पात्र समसामयिक विषयका स्तम्भकार र प्राध्यापक हो । उसलाई राजनीतिक विसङ्गतिको चेतना छ र त्यसबाट उत्पन्न हुन सक्ने भयावह परिस्थितको अनुमानले उसको मानसिक सन्तुलन बिग्रिएको छ । त्यसले गर्दा नेपाली उपन्यासका आर्थिक रूपमा सम्पन्न र साक्षर पात्रमा मानसिक समस्या बढी मात्रामा देखिएको छ ।

## सन्दर्भ सामग्रीसूची


उप्रेती, सञ्जीव (सन् २००७), *घनचक्कर,* काठमाडौँ : पब्लिकसन नेपालय ।

एटम, नेत्र (२०७०), 'अनुराधा उपन्यासमा नारीवाद', *नेपाली नारी समालोचना* (सम्पा.) सुधा त्रिपाठी र सीता पन्थी, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

कोइराला, विश्वेश्वरप्रसाद (२०६६), *नरेन्द्र दाइ* (आठौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

घर्ती, दुर्गाबहादुर (२०६७), *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान,* ललितपुर : साझा प्रकाशन ।

पौडेल, शरद (२०७३), *लिखे* (तेस्रो संस्क.), काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा. लि. ।

पौड्याल, षडानन्द (२०७७), *नेपाली आख्यानमा शरीर राजनीति,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), *नेपाली उपन्यास र उपन्यासकार* (चौथो संस्क.), ललिपुर : साझा प्रकाशन ।

मल्ल, विजय (२०६९), *अनुराधा* (एघारौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

राई, इन्द्रबहादुर (२०७६), *नेपाली उपन्यासका आधारहरू* (पाँचौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

लामिछाने, केशवशरण (२०७५ पुस २९), 'घनचक्करको सेरोफेरो', https://annapurnapost.com /story/117584/

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

वैद्य, मोहन 'किरण' (२०६७), *मार्क्सवादी दर्शन,* काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०५३), *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* काठमाडौँ : पाठ्यसामग्री पसल ।

Houston, R. A. (2003). *Class, Gender and Madness in Eighteenth-Century Scotland*. Clio Medica Online, Vol. 73. E-Book. Brill Print Publication.

Langner, T. S. & Michael, S. T. (1963) *Life Stress and Mental Health.* London: Collier-Macmillan

Murali, V., & Oyebode, F. (2004). Poverty, social inequality and mental health. *Advances in Psychiatric Treatment*, 10 (3). 216-224. doi:10.1192/apt.10.3.216.

Mills, S. (2005). *MICHEL FOUCAULT.* Taylor & Francis e-Library. .

Thiher, A. (2002). *Revels in Madness Insanity in Medicine and Literature.* Michigan: The University of Michigan Press

Wilkinson, R. G. (1996). *Unhealthy Societies: The Afflictions of Inequality*. London: Routledge.

Williams, J., Scott, S., and Waterhouse, S. (2001). Mental health services for "difficult" women, *Feminist Review,* 68. pp. 89–104.